# नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट)

# कोभिड–१९ को कारण श्रमिकहरूमा परेको समस्याको अध्ययनसम्बन्धी द्रुत सर्भेक्षण प्रतिवेदन

२०७७ जेष्ठ १३




नेपाल ट्रेड युनियन महासंघ जिफण्टले कोभिड–१९ को कारण नेपाली श्रमिकहरूमा परेको समस्याको संक्षिप्त अध्ययन गरेको थियो । यस अध्ययनबाट नेपाली श्रमिकहरूको अवस्था नाजुग गरेको र यसलाई तुरुन्त सम्बोधन गर्नु पर्ने अवस्थामा रहेको देखिएको छ ।

## प्रतिष्ठान संचालनको अवस्था

हामीले प्रतिष्ठान स्तरमा क्रियाशील युनियन भएका मुलुकका ३२३ प्रतिष्ठानहरूलाई अध्ययनको क्रममा समेटेका थियौं । यस क्रममा विराटनगरदेखि कैलालीसम्मको उधोगहरू, होटल, निर्माण कम्पनीहरू, निजी विद्यालय, टेक्सटाइल तथा गार्मेन्टदेखि स्वास्थ्य संस्थासम्मलाई अध्ययनको क्रममा समेटिएको छ । अध्ययनले के देखाएको छ भने फर्मास्यूटिकल, खाद्य तथा पेय सम्बन्धी उद्योग, केही निर्माण कम्पनी सहितका स्वास्थ्य संस्थासमेत १७.६४ प्रतिशत प्रतिष्ठानहरू मात्र पूर्ण रुपमा संचालनमा रहेका छन् । १३.६३ प्रतिशत प्रतिष्ठानहरू आंशिक रुपमा संचालित छन् । दुई तिहाई भन्दा बढी संख्याका औद्योगिक तथा सेवामूलक प्रतिष्ठानहरू अर्थात ६८.७३ प्रतिशत बन्द रहेको छ ।

उद्योग संचालन अवस्था





पूर्ण वा आंशिक रुपमा संचालनमा रहेकामध्ये ७६ प्रतिशत उद्योगमा साबुन पानीले हात धुने वा सेनिटाइजरको व्यवस्था गरिएको छ । धेरैमा आफैले मास्क लगाउनु पर्ने व्यवस्था छ भने केहीले मास्क तथा कामको अवस्था अनुसार पञ्जाको व्यवस्था समेत गरेको पाइयो ।


## पारिश्रमिक भुक्तानीको अवस्था

कुल प्रतिष्ठानहरूमध्ये ३१.५७ प्रतिशत प्रतिष्ठानले मात्र श्रमिकलाई पूरा पारिश्रमिक दिएका छन् । ७.४३ प्रतिशतले आंशिक भुक्तानी गरेका छन् भने १८.८८ प्रतिशतले पेश्कीको रुपमा पारिश्रमिक पाएका छन् । यस्तो पेश्की पारिश्रमिकभन्दा कमसमेत हुने गरेको पाइएको छ । नेपाल उद्योग वाणिज्य महासंघले गरेको प्रतिवद्धता विपरित ४२.१० प्रतिशत प्रतिष्ठानले चैत्रमा नै कुनै पारिश्रमिक दिएका छैनन् । चैत्रमा पारिश्रमिक दिएका प्रतिष्ठानहरूमध्ये आधाले समेत वैशाखमा पारिश्रमिक दिएका छैनन् । धेरैजसोमा युनियनसँगको छलफलपछि दिने, बजेट पश्चात् मात्र

पारिश्रमिक (चैत्र) को वितरण अवस्था



विचार गर्ने, कसैले आधा मात्र पारिश्रमिक दिने वा पारिश्रमिक घटाएर मात्र भुक्तान गर्ने जनाएको पाइएको छ । केही प्रतिष्ठानले भने उद्योग कहिले संचालन हुन्छ, त्यसपछि मात्र दिन सकिने वा नसकिने वा कसरी दिने भन्ने टुङ्गोमा पुग्ने बताएका छन् ।




## सामाजिक सुरक्षाकोषमा सूचीकरण र योगदानको अवस्था

हामीले यस अध्ययनको क्रममा कुल प्रतिष्ठान मध्ये बहुसंख्यक प्रतिष्ठानहरू सामाजिक सुरक्षा कोषमा सूचीकरण नै नभएको पाइयो । प्रतिष्ठानको नाम मात्र सूचीकरण गर्नेको संख्या ४९.२२ प्रतिशत रहेको र तीमध्ये २१.३६ प्रतिशतले श्रमिकलाई समेत सामाजिक सुरक्षा कोषमा सूचीकरण गराएको पाइयो । रोजगारदाताको सूचीकरण, श्रमिकको सूचीकरण गरी कोषमा योगदान शुरु गर्ने प्रतिष्ठानको संख्या केवल १०.५२ प्रतिशत मात्र रहेको पाइयो ।

## सुझावहरू

उल्लेखित अध्ययनबाट के देखिएको छ भने अनौपचारिक क्षेत्रका श्रमिक जस्तै औपचारिक श्रम क्षेत्रका श्रमिकलाई समेत खाना खाने र चुल्हो बाल्ने समस्या सिर्जना भइसकेको छ । राज्यले उद्योग प्रतिष्ठानलाई कुनै राहत तथा सुविधा उपलब्ध गराउँदा निम्न कुराको सम्बोधन सँगसँगै हुनु पर्दछ :

१. कुनै पनि प्रतिष्ठानलाई नेपाल सरकारले कर छुट, जरिवाना मिनाहा वा ब्याज अनुदान वा कुनै सुविधा दिने निर्णय गर्दा श्रमिकलाई पारिश्रमिक दिएको र सामाजिक सुरक्षा कोषमा योगदान गरेको हुनु पर्ने व्यवस्था मिलाउनु पर्दछ । श्रमिकलाई पारिश्रमिक दिन अनिवार्य गर्ने अन्य कानुनी प्रबन्ध गरिनु पर्दछ ।

२. पारिश्रमिक नपाउने उद्योग प्रतिष्ठानका श्रमिकलाई समेत राहत वितरण गर्दा बिना भेदभाव पाउने अवस्था सिर्जना हुनु पर्दछ ।

३. कार्यस्थलमा कोरोना संक्रमण हुने अवस्था नआउने गरी सामाजिक दूरी कायम गरी औद्योगिक प्रतिष्ठान संचालन गर्ने वातावरण सिर्जना गरिनु पर्दछ ।


# अनौचारिक क्षेत्रका श्रमिकको अवस्था

जिफण्टले ज्यालादारीमा निर्माण क्षेत्रमा, यातायातमा, र स्वरोजगार क्षेत्र लगायतको अनौपचारिक क्षेत्रका श्रमिकहरूको अवस्थाका सम्वन्धमा द्रूत विधि अपनाई अध्ययन गरेका थियो । यस क्रममा हामीले ३१७३ जनालाई सर्भेक्षणको क्रममा सामेल गरेका थियौं ।

## घर फर्कनेको संख्या


यस क्रममा काठमाडौं लगायतका शहरी क्षेत्रमा र आफ्नो घरभन्दा बाहिर अन्यत्र कार्यस्थल भएका ३८.७७ प्रतिशत श्रमिकले कार्यस्थल छाडी स्थायी वासस्थान अर्थात घर भएको स्थानमा गएको पाइयो।

२२.४४ प्रतिशत अनौपचारिक क्षेत्रका श्रमिकहरू अझै पनि कार्यस्थल रहेको स्थानमा रहेका छन् र मौका पाएमा घर जान वा काम गर्न तयार रहेको पाइयो । ३८.७९ प्रतिशत श्रमिकहरू घर भएको स्थान र कार्यस्थल सँगै भएको हुँदा घर फर्कन प्रयास नगरेको पाइयो ।





## रोजगारदाता, स्थानीय तह संगको सम्पर्क र राहतको अवस्था


अनौपचारिक क्षेत्रका श्रमिकमध्ये घर फर्कनु अगाडि वा घर नफर्केका श्रमिकमध्ये ३.३४ प्रतिशतले राहत माग गर्दा समेत एक पटक पनि राहत नपाएको बताएका छन् भने १.८९ प्रतिशतले प्रश्न सोधिएको अवधिमा आफूसँग खानेकुरा नै सकिएको बताएका थिए । हामीले जेष्ठको पहिलो हप्तामा प्रश्न गर्दा घर नफर्किएकामध्ये ६१ प्रतिशतले आफूसँग बढीमा एक महिनाको लागि मात्र खानाको जोहो गर्ने हैसियत रहेको बताएका थिए । यस अध्ययनबाट राहत माग गर्ने ठूलो संख्याका श्रमिकहरू कार्यस्थल छाडेर घर गएका कारण शहरी क्षेत्रमा राहत मागमा धेरै कम दबाब परेको हुनु पर्ने देखिएको छ ।




यसरी नै हामीले अध्ययन गर्दा अनौपारिक क्षेत्रका श्रमिकलाई तपाईंहरूको तपाइ कार्यरत स्थानीय तह र रोजगारदातासँग सम्पर्क छ वा छैन भनी प्रश्न गर्दा १०.२० प्रतिशतले मात्र आफ्नो स्थानीय तहसँग कुनै सम्पर्क नभएको बताएका थिए ।




यसरी नै स्वरोजगार बाहेक नियमित दैनिक ज्यालादारीमा काम गर्ने निर्माण क्षेत्रका श्रमिकमध्ये २४.४८ प्रतिशत श्रमिकले रोजगारदाताले आफूहरूलाई बेवास्ता गरेको वा सम्पर्कबिहीन भएको बताएका थिए भने बाँकी श्रमिकको रोजगारदातासँग सम्पर्क भएको बताएका थिए ।





उल्लेखित द्रूत अध्ययनबाट के देखिएको छ भने शहरमा राहत चाहिने श्रमिक आफ्नो स्थायी वासस्थान वा घरमा पुग्दा राहत नचाहिने अवस्था हुने रहेछ । रोजगारदातासँग सम्पर्क भए पनि उनीहरूले काम नगरेको अवधिको पारिश्रमिक नदिने हुँदा त्यस्ता श्रमिकलाई समेत राहत आवश्यक पर्ने रहेछ । स्थायी वासस्थान छाडेका र स्थायी वासस्थान र कार्यस्थल एउटै भएका धेरै श्रमिकहरूलाई यदि बन्दाबन्दीको अवधि अझै लम्बिएमा सबैलाई राहत दिनु पर्ने अवस्था उत्पन्न हुने देखिन्छ । यसैले सरकारले कार्यस्थलमा काम गर्ने वातावरण बनाउने, प्रधानमन्त्री रोजगार कार्यक्रममा जोडेर राहत दिने वा स्वरोजगारहरूलाई राहत दिने गरी विशेष व्यवस्था गर्नु पर्ने देखिन्छ ।


## वैदेशिक रोजगारीमा रहेका श्रमिक सम्बन्धमा

नेपाल ट्रेड युनियन महासंघको विभिन्न मुलुकमा रहेका जिफण्ट सहयोग समूहलाई परिचालन गरी हामीले प्रवासी श्रमिकको द्रूत अध्ययन गरेका थियौं । यस क्रममा मलेसिया तथा मध्यपूर्वका मुलुकहरू कतार, साउदी अरेबिया, कुवेत, बहराइनमा आफ्नो नेटवर्कमा आवद्ध समेत गरी १९५७१ जनालाई अध्ययनमा सामेल गरिएको थियो ।

जसअनुसार २.४६ प्रतिशत श्रमिकहरू पूर्णत कामबिहीन भएका छन् । बाँकी श्रमिकहरूलाई रोजगारदाताले काम लगाएको वा कोरोना संक्रमण भएका कारण क्याम्प क्वारेन्टीनमा राखेको अवस्था छ ।




विदेशमा रहेका श्रमिक मध्ये रोजगार सम्झौता अवधि बाँकी रहेका मध्ये २.९३ प्रतिशतले पारिश्रमिक पाएका छैनन् । बाँकी श्रमिकमध्ये १०.९८ प्रतिशत श्रमिकले आंशिक मात्र पारिश्रमिक पाएको अवस्था छ भने ८६.०९ प्रतिशतले पूरै पारिश्रमिक पाइरहेको अवस्था छ । तर ओभरटाइम कामको अवस्था भने नभएको देखिन्छ । यसबाट श्रमिकको आम्दामी घटेको वा काम गर्ने मध्ये समेत केही श्रमिकले पारिश्रमिक नपाएको वा आंशिक मात्र पाइरहेको स्पष्ट हुन्छ ।




अध्ययनको क्रममा काममा संलग्न श्रमिकमध्ये अधिकांशलाई आधारभूत व्यक्तिगत सुरक्षाको लागि मास्क, पञ्जा, सेनिटाइजरको व्यवस्था गरेको पाइयो । बिरामी हुँदा उपचारको व्यवस्थाको प्रत्याभूती छ भन्ने कुरा अधिकांशले दिएको जवाफमा रहेको पाइयो ।

वैदेशिक रोजगारीमा रहेका श्रमिकको विषयमा सरकारले तत्काल निम्न कार्य गर्नु आवश्यक देखिन्छ ः

१. करार अवधि सकिएका, कागजात नभएको अवस्थामा रही आममाफी प्राप्त गरेका र पारिश्रमिक नपाउने श्रमिकलाई तत्काल फिर्ता ल्याउनु पर्दछ । यसपछि फर्कन चाहने श्रमिकलाई आउने व्यवस्था मिलाउनु पर्दछ ।

२. नेपाल फर्किएका श्रमिकलाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् स्थानीय तहको रोजगारीमा वा स्वरोजगार हुन चाहानेलाई आवश्यक सहयोगको व्यवस्था मिलाई नेपालभित्र रोजगारीको अवसर सिर्जना गरिनु पर्दछ ।

३. विदेशी भूमिमा बिरामी परेका सबै श्रमिकलाई दूतावासमार्फत् आवश्यक संरक्षणको व्यवस्था तत्काल गरिनु पर्दछ ।


**नेपाल ट्रेड युनियन महासंघ (जिफण्ट)**
मनमोहन मजदुर भवन, जिफण्ट प्लाजा, पुतलीसडक, पोष्ट बक्स १०६५२, काठमाडौं, नेपाल
फोन नं. ४१६८००० , फ्याक्स ४१६८०१२, इमेल : dfa@gefont.org / office@gefont.org
www.gefont.org